आज मिति २०७९ साल पौष २४ गते आइतवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |

प्रमुख प्रशासकीय अधिकृत 9/24

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

०७९/९/२४

अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. नागरिक उपचार कोष अनुदान कार्यविधि -२०७९ स्वीकृति सम्वन्धमा
२. आमचोक गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन)कार्यविधि-२०७८ संसोधन सम्वन्धमा
३. कृषि स्नातक करारसेवाको विज्ञापन प्रकाशन सम्वन्धमा
४. वहुक्षेत्रीय पोषण कार्यक्रमको अल्या दायित्व रकम भुक्तानी सम्वन्धमा
५. तारेभिर चिउरीभञ्ज्याङ सडक मर्मत सम्वन्धमा
६. विशेष अनुदानमा संचालन हुने योजनाहरुको छनौट गरि पठाउने सम्वन्धमा
७. मेसिनरी सामान मर्मतको सम्झौता सम्वन्धमा
८. लोक सेवा आयोगको तयारी कक्षाको लागि सम्झौता सम्वन्धमा
९. स्यानिटरी प्याड खरीद सम्वन्धमा
१०. वजेट सिमा निर्धारण समितिको वैठक सम्वन्धमा
११. आखा शिवर कार्यक्रमको खर्च रकम अनुमोदन सम्वन्धमा
१२. राजश्व व्यवस्थापन सफ्टवयर खरीद सम्वन्धमा
१३. तार जाली वितरण सम्वन्धमा
१४. वडा कार्यालय भवन उद्घाटनको रकम भुक्तानी सम्वन्धमा
१५. विद्युत महशुलको वाँकी रकम भुक्तानी सम्वन्धमा
१६. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं.१**
प्रस्ताव नं.१ माथि छलफल भइ नागरिक उपचार कोष अनुदान कार्यविधि -२०७९ स्वीकृत गर्ने ।

**निर्णय नं.२**
प्रस्ताव नं २ माथि छलफल भइ आमचोक गाउँपालिकाको खेलकुद विकास समिति (गठन तथा सञ्चालन) कार्यविधि-२०७८ को दफा ३४ को अधिकार प्रयोग गरी परिच्छेद–३ को दफा ४ (६) सदस्य सचिव शिक्षा शाखा प्रमुख रहेकोमा सोको ठाउमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी भनि संसोधन गर्ने ।

**निर्णय नं.३**
प्रस्ताव नं ३ माथि छलफल भइ कृषि तथा पशु कार्यक्रम अन्तर्गत कृषि स्नातक परिचालंन कार्यविधि २०७९ वमोजिम कृषि स्नातक करार सेवामा कर्मचारी छनौट गर्ने ।

**निर्णय नं.४**
प्रस्ताव नं ४ माथि छलफल भइ आ.व.२०७७८/७९ मा नेपाल सरकार बाट वितिय हस्तान्तरित स्वास्थ्य तर्फको शिर्षक बहुक्षेत्रिय पोषण कार्यक्रम मा जम्मा रु ८०००००। रुपैया बराबरको कार्यक्रम संचालन गर्न LMBIS साथै शुत्रमा समेत शिर्षक रहेकोमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५८९ मिति २०७९/०३/२८ गतेको पत्र अनुसार अपुग रकम मात्र फुकुवा भएको र नेपाल सरकार र युरोपियन युनियन बिचको सम्झौता अनुसार युरोपियन युनियन बाट बाकी रकम प्राप्त हुने प्रकृयामा रहेको सोको लागि म.ले.ले.प. फा. नं. २२१ प्रमाणित गरी राख्ने र सोको १ प्रति मन्त्रालयको cmmofald@gmail.com मा पठाउने भनि लेखि आएको पत्र अनुसार प्रकृया पुरा गरेको भए तापनि हाल सम्म उक्त भुक्तानि गर्नु पर्ने बजेट तथा शिर्षक समेत प्राप्त नभएको र कार्यक्रम कार्यान्वयन गर्ने कृषि शाखा तथा भुक्तानि पाउने फर्म विशाल एग्रोसिड ( नागर्जुन नगरपालिका) ९ काठमाण्डौलाई यस आर्थिक वर्षको बहुक्षेत्रिय पोषण कार्यक्रम रु ३०००००। बाट भुक्तानी गर्न वाँकी रकम रु.२३१०००।(अक्षेरुपी दुइलाख एकतिसहजार मात्र) भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत २०७९।९।२४

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश, नेपाल

२०७९।९।२४
अशोक राई
अध्यक्ष

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भइ हाल यातायात सुचारु संचालन हुन कठिनाइ भएकोले तारेभिरदेखि चिउरिभञ्ज्याङ सम्म सडक मर्मतको लागि मर्मत सम्भार कोषवाट प्राविधिकको लागत अनुमान वमोजिम वढीमा रु १ लाख खर्च हुने गरी वडा नं १० का वडा सचिवलाई अमानतमा सडक मर्मत गर्न दिने ।

**निर्णय नं.६**
प्रस्ताव नं ६ माथि छलफल भइ राष्ट्रिय योजना आयोगको मिति २०७९/८/१९ को सूचना वमोजिम सङ्घीय समपुरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा कार्यन्वयन हुने आयोजना/कार्यक्रमका लागि तपशिल वमोजिमको योजनाहरुको प्रस्ताव समपुरक अनुदान सम्वन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ र विशेष अनुदान सम्वन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ वमोजिम पेश गर्ने ।

- **सङ्घीय समपुरक अनुदान**

(क) गाउँपालिकाको प्रशासनीक भवन निर्माण
(ख) शीत भण्डार गृह निर्माण
(ग) बालंखा खेल मैदान निर्माण

- **सङ्घीय विशेष अनुदान**

(क) एकघर एकधारा (हात्तिपाइले खानेपानी योजना)
(ख) छौंखा साकेन्वा पार्क निर्माण
(ग) धेन्ताङ्ग थामडाँडा पर्यटन योजना
(घ) श्री महायन देक्षन छ्योलिङ गुम्वा निर्माण
(ङ) सिद्धथान पर्यटन विकास योजना

**निर्णय नं.७**
प्रस्ताव नं ७ माथि छलफल भइ आर्थिक वर्ष २०७९/८० को लागि आमचोक गाउँपालिका,विषयगत शाखाहरु र वडाहरुको मेसिनरी औजार ल्यापटप,प्रिन्टर,कार्टेज लगायतका सामानहरुको सम्झौता माग फारम, मर्मत इष्टिमेट र आदेश वमोजिम हुने गरी डिजिटल आई..कर्नर ,भोजपुरसंग वार्षिक मर्मत सम्झौता गर्ने ।

**निर्णय नं.८**
प्रस्ताव नं ८ माथि छलफल भइ लोक सेवा आयोगको तयारी कक्षाको लागि एच.सि.आर.सि.एजुकेशन हव प्रा.लि.ललितपुरको प्रस्ताव वमोजिम सम्झौता गरी लोक सेवा आयोगको तयारी कक्षाको लागि प्रशिक्षार्थिहरुलाई काठमाण्डौ पठाउने ।

**निर्णय नं.९**
प्रस्ताव नं ९ माथि छलफल भइ सार्वजनिक खरीद ऐन २०६४ र सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम नेपाल सरकार शसर्त अनुदानको विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका छात्रहरुलाई स्यानिटरी प्याड व्यावस्थापन रु.१११२०००। र नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत वडा नं ८ को लागि स्यानिटरी प्याड खरीद तथा वितरण शिर्षकको रु.२०००००। गरी जम्मा रु.१३१२०००। खरीद गर्ने ।

**निर्णय नं.१०**
प्रस्ताव नं १० माथि छलफल भइ मिति २०७९ पौष २७ गते वजेट सिमा निर्धारण समितिको वैठक वसि आगामी आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित वजेट स्वीकृत गरी सम्वन्धित निकायमा पठाउने ।

**निर्णय नं.११**
प्रस्ताव नं ११ माथि छलफल भइ मिति २०७९/०९/१५ गते र १६ गते नेपाल नेत्र ज्योती संघ,आँखा तथा कान उपचार केन्द्र , भोजपुरको आयोजना बिराटनगर आँखा अस्पताल रानीको प्राविधिक सहयोगमा सामुदायिक भवन बालंखामा नेत्र विशषज्ञहरु द्वारा आँखाको जाँच तथा आँखाको निशुल्क शल्यकृयाको लागि शिविर संचालन भएकोमा ४२ जनाको आँखाको सल्याकृया भएको र ३९० जनाले ओ.पि.डि. सेवा प्राप्त गरेकोले उक्त शिविर व्यवस्थापनको लागि व्यवस्थापकिय भुमिकामा रहेको आमचोक गाउँपालिका स्वास्थ्य शाखाबाट भएको जम्मा खर्च रकम रु.१०६४३०। (अक्षेरुपी एकलाख छहजार चारसय तीसरुपैया मात्र) विविध शिर्षकवाट भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत २०७९/९/२४

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं. प्रदेश, नेपाल

२०७९/९/२४ अशोक राई अध्यक्ष

**निर्णय नं.१२**

प्रस्ताव नं १२ माथि छलफल भइ कार्यपालिकाको मिति २०७९ मंसिर २८ गतेको निर्णय वमोजिम राजश्व व्यवस्थापन सफ्टवयर खरीद सम्वन्धमा खरीद समितिको निर्णय वमोजिम सार्वजनिक खरीद नियमावली ८५(क) बमोजिम सुचिकृत फर्म/सप्लायर्सहरुलाई प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा उक्त प्रस्ताव पेश गर्ने कम्पनी मध्ये प्राविधिक प्रस्तावमा उतिर्ण भइ सवै भन्दा कम आर्थिक प्रस्ताव पेश गर्ने नेटवर्क एसोसेट प्रा.लि.मध्यवानेश्वर काठमाण्डौवाट रु.३०००००। को सफ्टवयर खरीदको लागि सम्झौता गर्ने र ११ स्थानमा सफ्ट वयर जडान खर्च र सफ्टवयर सम्वन्धी तालिम खर्च संघीय सरकार राजश्व अनुदानको परामर्श सेवा खर्च शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१३**

प्रस्ताव नं १३ माथि छलफल भइ दुम्माना जोगेपाथर सडक स्तरउन्नतीको लागि समितिको अध्यक्ष विकास मगरलाई तपशिल वमोजिमको तार जाली कार्यालयवाट उपलव्ध गराएको हुँदा माग फारम र वुझिलिएको भर्पाइ वमोजिम अनुमोदन गर्ने ।

- ३*१*१ को ५ थान
- १.५*१*१ को १५ थान

**निर्णय नं.१४**

प्रस्ताव नं १४ माथि छलफल भइ आमचोक ७ को वडा भवन उद्‌घाटनमा भएको जम्मा खर्च रु.३०३४०। ( अक्षेरुपी तीसहजार तीनसय चालिस मात्र) र इन्टरनेट तार र मिटर वक्स वापतको रु.४९९३। ( अक्षेरुपी चारहजार नौसय तिरानव्वे मात्र) विलभर्पाइको आधारमा विविध शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१५**

प्रस्ताव नं १५ माथि छलफल भइ आमचोक १ को विगत वर्षक विद्‌युत महसुल वापतको रकम रु.१२०००। ( अक्षेरुपी वाह्रहजार मात्र) भुक्तानी गर्न वाँकी रहेकोले भुक्तानीको लागि वडा कार्यलयको निर्णय प्राप्त भएकोले वुवाखोला २ लघुजलविद्‌युत आयोजना समिति आमचोक १ वासिंथर्पूलाई विविध शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं.१६**

प्रस्ताव नं १६ माथि छलफल भइ आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराने

क) आमचोक ९ निवासी केशर श्रेष्ठको छोरी लक्ष्मी श्रेष्ठको पाठ्यघरको समस्यको कारण उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस र अस्पतालको रेकर्ड प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१५०००। (अक्षेरुपी पन्ध्रहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक १० निवासी मन वहादुर राईको छोरा दल वहादुर राईको टाउको र मुटुमा समस्या भइ दैनिक औषधि सेवन गरिरहनु पर्ने र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस र अस्पतालको रेकर्ड प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ग) आमचोक ४ निवासी नविन श्रेष्ठको श्रीमती पार्वती श्रेष्ठको मृगौलामा घाउ भएको प्रमाणित भइ अप्रेशन गर्नु पर्ने भएको र र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस र अस्पतालको रेकर्ड प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत 2079/9/28

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश, नेपाल

2079/9/28 अशोक राई अध्यक्ष